**<u>विविध निर्णयहरु</u> :**

**निर्णय नं. १.**

पदपूर्ति समितिबाट मिति २०६८।९।२६ मा पेश भएको आ.ब. ०६८।०६९ को बार्षिक प्रतिवेदन समिक्षा सहित अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.**

नगरपालिकाको कर्मचारी दरबन्दी विवरण पाना १ र संगठन तालिका पाना १ संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.**

नगरपरिषद्बाट स्वीकृत दरबन्दी अन्तरगतका पदहरुमा न.पा.लाई आवश्यक परेमा सेवा करारद्वारा पूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.**

नगर क्षमता विकास कार्यविधी २०६६ बमोजिम यस आ.ब.मा भए गरेका काम कारवाहीहरु अवगत गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५.**

नगरपालिकाबाट तयार भई पेश भएका निम्न निर्देशिका तथा कार्यविधीहरु पारित गर्ने निर्णय गरियो ।

(क) कर्मचारी सेवा शर्त सम्बन्धि विनियमावली २०६७

(ख) आन्तरिक लेखा परीक्षण कार्यविधी २०६८

(ग) खरिद तथा जिन्सी व्यवस्थापन सम्बन्धी निर्देशिका २०६८

(घ) कर्मचारी कल्याण कोष विनियमावली २०६७

(ङ) सूचना प्रणाली तथा तथ्यांक संकलन निर्देशिका २०६७

(च) पशुवधस्थल तथा मासु बिक्री वितरण व्यवस्थापन गर्ने निर्देशिका २०६७

**निर्णय नं. ६.**

नगरपालिका बैठकबाट स्वीकृत आ.ब. २०६९।०७० को खरिद योजना तथा कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.**

नगरपालिकाबाट स्वीकृत संगठन क्षमता विकास योजना (OD) परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८.**

निम्न बमोजिमका अद्यावधिक क्षेत्र गुरुयोजनालाई परिमार्जन सहित लागु गर्ने निर्णय गरियो ।

(क) सतह ढल (Storm Water Drainage) गुरु योजना ।

(ख) जग्गा विकास गुरुयोजना ।

(ग) गरिबी न्युनीकरण गुरुयोजना/रणनीतिक योजना

**निर्णय नं. ९.**

न.पा.द्वारा सञ्चालन गरिने वडा नं. ९ नयाँ कोलोनी सो उत्तर प्रभात पथ सम्मको पक्की नाला निर्माण वडा नं. ४ मायादेवी चोक देखि सो पूर्व विमानघाट सडकमा निर्माण हुने पक्की नाला निर्माण र शहरी सडक मर्मत सम्भारको लागि तयार गरिएको पूर्व सम्भाब्यता अध्ययनलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १०.**

आ.ब. ०६९।०७० को लागि नगर परिषद्बाट स्वीकृत योजना तथा कार्यक्रम सञ्चालनको लागि बार्षिक कार्यतालिका (कार्य योजना) बनाई योजना कार्यान्वयन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ११.**

गत आ.ब. र चालु बर्षमा सञ्चालन भई सम्पन्न भएका १९ वटा आयोजनाहरुको जाँचपाँस तथा फरफारकलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२.**

रु. ५ लाख भन्दा बढीका योजनाहरुमा कुल लागत रकमको ३% (ओभरहेड र भ्याट बाहेक) रकम मर्मत सम्भार कोषको लागि छुट्याई सोही प्रयोजनको लागि खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३.**

उपभोक्ता समितिद्वारा निर्मित सबै आयोजनाहरुमा प्रति उपभोक्ता प्रति फुट मोहडामा रु. ५० का दरले उपभोक्ता समितिको मर्मत सम्भार कोषमा जम्मा गरी सोही कार्यक्रममा खर्च गर्ने गरी उपभोक्ता समितिसंग सम्झौता गरी योजना कार्यान्वयन गर्ने र घर नक्शा दर्ता गर्दा प्रत्येक घर नक्शाबाट रु. ५००।- का दरले मर्मत सम्भार शुल्क लगाउने र सो रकम मर्मत सम्भार कोषमा जम्मा गरी सोही प्रयोजनको लागि खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४.**

नगरपालिकाले रु. २५ लाख वा सो भन्दा बढी रकम लगानी गरी सम्पन्न अवधि २ बर्ष पुगि सकेको योजनाहरुको लागि तयार गरिएको प्रभाव मूल्यांकन प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५.**

आ.ब. ०६९।०७० को लागि तयार गरिएको प्रकोप व्यवस्थापन कार्यक्रम (DMP) लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६.**

भवन निर्माण तथा नक्शा पास सम्बन्धी अद्यावधिक मापदण्ड/कार्यविधीलाई परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७.**

नगर स्तरिय आयोजनाको बार्षिक प्रगति समिक्षाको प्रतिवेदन प्राप्त भई जानकारी भयो र बार्षिक प्रगति समिक्षा बैठकबाट प्राप्त सल्लाह, सुझावलाई नगरपालिकाको नीति, योजना तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. १८.**

नगरपालिकाद्वारा आयोजना गरिएको सार्वजनिक सुनुवाईको प्राप्त प्रतिवेदन सम्बन्धमा जानकारी भई अनुमोदन गरियो तथा सार्वजनिक सुनुवाईबाट प्राप्त सल्लाह, सुझावलाई नगरपालिकाको नीति, योजना तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. १९.**

एकीकृत सम्पत्ती कर (IPT) निर्देशिका २०६८ लाई पारित गरी २०६९ श्रावण देखि एकिकृत सम्पत्ती कर लागू गर्ने र आ.ब. ०६८।०६९ को जेष्ठ मसान्त भित्र एकिकृत सम्पत्ती कर सम्बन्धी सम्पूर्ण तयारी पुरा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०.**

नगरपालिका र आसपासका गा.वि.स. दुवैलाई प्रत्यक्ष फाईदा पुग्ने निम्न जिल्ला स्तरिय आयोजनाहरु जि.वि.स. रुपन्देहीको बार्षिक कार्यक्रममा समाविष्ट हुन इलाका स्तरिय गोष्ठीमा सिफारिस गर्ने निर्णय गरियो ।

(क) सि.न.न.पा. वडा नं. ९ दुमदुमवा हुँदै हाटी फर्साटिकर सम्म जाने बाटो पीच गर्ने ।

(ख) सि.न.न.पा. वडा नं. ८ शिव मन्दिर (बसडिलहवा) हुँदै चिल्हिया गा.वि.स. जाने बाटोको पक्की नाला सहित पीच गर्ने ।

(ग) सि.न.न.पा. वडा नं. ११ पिपरहिया देखि सिसवा हुँदै दुर्गौलिया चौकी सम्म जाने बाटोमा पक्की पुल र बाटो पीच गर्ने ।

(घ) सि.न.न.पा. वडा नं. ९ गोनहिया देखि हाटी फर्साटिकर सम्म जाने बाटो पीच तथा नाली निर्माण गर्ने ।

(ङ) सि.न.न.पा. वडा नं. ८ उचमी पथ देखि पश्चिम तर्फको चिल्हिया जोड्ने बाटो पीच तथा नाली निर्माण गर्ने ।

**निर्णय नं. २१.**

आ.ब. ०६९।०७० को केन्द्रिय योजनामा समावेश गरी दिन निम्नानुसारको योजनाहरु नेपाल सरकारका सम्वद्ध मन्त्रालयहरु तथा राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने ।

(क) आधुनिक पशु वधशाला निर्माण गर्न रु. ५० लाख ।

(ख) पञ्च वाटिकालाई व्यवस्थित गरी आधुनिक पार्क निर्माणको लागि रु. १ करोड ।

(ग) व्यवस्थित Auto Village निर्माणको लागि रु. १ करोड ।

(घ) लुम्बिनीमा आउने पर्यटकलाई आकर्षक गर्न बुद्धको मूर्ति सहित बुद्ध संग्रहालयको निर्माण गर्न रु. १ करोड ।

(ङ) सिद्धार्थनगर नगरपालिका क्षेत्र भित्रका पुरातात्विक महत्वका स्थानहरुको संरक्षण र प्रवर्द्धनका लागि रु. १ करोड ।

(च) वडा नं. ६ अन्तर्गत Children पार्कमा View Tower निर्माण र Children पार्कको आधुनिकीकरणको लागि रु. १ करोड ।

**निर्णय नं. २२**

कार्यालयको जिप चालकलाई अतिरिक्त समयमा काम गरेवापत मासिक रु. ८००।- मात्र भत्ता दिँदै आएकोमा सोलाई बृद्धि गरी आ.ब. ०६९।०७० श्रावण महिनादेखि लागु हुने गरी मासिक रु. २०००।- भत्ता दिने निर्णय गरियो ।

**निर्णय नं. २३.**

नगरपालिकाका कर्मचारीहरुलाई यस पूर्व स्थानीय भत्ता वापत अधिकृत स्तरलाई शुरु तलब मानको १२ प्रतिशत र सहायक स्तरका कर्मचारीलाई १८ प्रतिशत दिई आएकोमा सो दरलाई समायोजन गरी सबै तहका कर्मचारीलाई शुरु तलब मानको २८ प्रतिशत भत्ता आ.ब. ०६९।०७० श्रावण महिना देखि लागु हुने निर्णय गरियो ।

**निर्णय नं. २४.**

आ.ब. २०६८।०६९ को पौष २७ गते सम्म दिएको आर्थिक सहायता/अनुदान अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५.**

सिद्धार्थनगर नगरपालिका कार्यालयको आर्थिक बर्ष २०६९।०७० को स्वीकृत कर्मचारी दरबन्दी अनुसार तलबी प्रतिवेदन पाना ८ (आठ) को विवरण अनुसार तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६.**

सिद्धार्थनगर नगरपालिकाको आ.ब. ०६७।०६८ को अन्तिम लेखा परीक्षण गरी लेखा परीक्षक शिवहरि एण्ड कम्पनी, शिवहरि शर्मा (चाटर्ड एकाउण्टेन्ट्स) ले मिति २०६८।९।६ मा पेश गर्नु भएको अन्तिम लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी प्रतिवेदनमा समाविष्ट निम्न सुझावहरु कार्यान्वयन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

(क) मनोरन्जन कर र विज्ञापन कर असुली कार्यलाई प्रभावकारी बनाउने ।

(ख) योजनागत बजेट विनियोजन गर्ने ।

(ग) प्रोदभावी लेखा प्रणाली लागू गर्ने ।

(घ) विभिन्न रसीदका अभिलेख व्यवस्थित गरी राख्ने ।

(ङ) असुल गर्नु पर्ने बेरुजु रकम तुरुन्त असुल गरी बेरुजु फछ्र्यौट गराउने ।

(च) उपभोक्ता समिति मार्फत सञ्चालन भएका योजनाहरुमा सार्वजनिक परीक्षण भएको प्रतिवेदन पेश गर्ने व्यवस्था गर्ने ।

(छ) इन्धन खर्च सम्बन्धमा सबै सवारी साधनहरुको लगबुक राख्ने व्यवस्था गर्ने ।

(ज) न.पा.को स्वामित्वमा रहेको अचल सम्पत्तीको अभिलेख राख्ने ।

**निर्णय नं. २७.**

राजस्व परामर्श समितिको मिति २०६८।८।२० र २०६८।८।२१ को बैठकबाट पारित निर्णय र राजस्व बृद्धिका बारेमा दिईएका राय, सल्लाह र सुझावको आधारमा निम्न अनुसार नीति अवलम्बन गर्ने निर्णय गरियो :

(क) न.पा. अन्तर्गत रहेको सभा गृह, बाल उद्यान निजी क्षेत्रबाट संचालनको लागि प्रस्ताव आहवान गर्ने ।

(ख) व्यवसाय कर तथा घरधुरी कर (सेवा शुल्क) उठाउन वडा सचिवहरुलाई परिचालन गर्ने ।

(ग) बैंक रोड, नारायण स्थान, हाटबजारपथ र आँखा अस्पतालका सडकहरुमा सवारी पार्किंग गर्ने सवारी साधनलाई सशुल्क पार्किंग लिन निजी क्षेत्रलाई आहवान गर्ने ।

(घ) नगरपालिका क्षेत्र भित्र प्रवेश गर्ने (राजमार्ग र सहायक राजमार्ग बाहेक) भाडाका सवारी साधनलाई पटके सवारी कर असुल गर्न निजी क्षेत्रलाई आहवान गर्ने ।

**निर्णय नं. २८.**

नगरपालिका क्षेत्रभित्र व्यवसाय दर्ता गरी विगत लामो समय देखि व्यवसाय नविकरण नगराई बाँकी रहेका बक्यौता व्यवसाय कर रकम असुल गर्न निम्न अनुसार गर्ने निर्णय गरियो :

(क) १० बर्ष भन्दा अघिको बाँकी रहेको व्यवसाय करको बक्यौता रकम तिर्न आएमा कुल रकमको ६० प्रतिशत सम्म छुट दिने ।

(ख) ५ बर्ष देखि १० बर्ष सम्को बाँकी रहेको व्यवसाय करको बक्यौता रकम तिर्न आएमा कुल रकमको ५० प्रतिशत सम्म छुट दिने ।

(ग) ३ बर्ष देखि ५ बर्ष सम्को बाँकी रहेको व्यवसाय करको बक्यौता रकम तिर्न आएमा कुल रकमको ३५ प्रतिशत सम्म छुट दिने ।

(घ) यी माथिका छुटको सुविधा २०६९ साल कार्तिक मसान्त सम्म मात्र लागु हुनेछ ।

**निर्णय नं. २९.**

चालु बर्षको व्यवसाय कर आश्विन मसान्त भित्र तिर्न आएमा व्यवसाय करको १५ प्रतिशत रकम छुट दिने चालु बर्षको व्यवसाय कर चुक्ता नगरेमा २५ प्रतिशतका दरले जरिवाना लिने निर्णय गरियो ।

**निर्णय नं. ३०.**

स्थानीय विकास मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाईको प.सं. २०६८।०६९ च.नं. १९९ मिति २०६८।७।६ को पत्रानुसार नगरपालिकाको हकमा ब.शि.नं. ३६५८०३३ अन्तर्गत प्राप्त अख्तियारीको ६० प्रतिशत रकम मात्र यस आ.ब. ०६८।०६९ मा निकासा हुने भनि लेखि आएकोले दाताको संयुक्त कोषबाट पहिले प्राप्त हुने भनि अख्तियारी प्राप्त रकम रु. २,२७,२०,०००।- को ६० प्रतिशतले हुन आउने रकम रु. १,३६,३२,०००।- मात्र निकासा हुने भएकोले सोही अनुसार आ.ब. ०६८।०६९ को लागि १४औं नगर परिषद्बाट स्वीकृत बार्षिक योजना तथा कार्यक्रममा संशोधन गरी परिमार्जन गरिएको PFM स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो ।

## भौतिक पूर्वाधार

१. नगरपालिका क्षेत्र भित्र जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने व्यक्ति तथा संस्थाहरुलाई नगरपालिकाको जग्गा विकास गुरु योजना (प्लटिंग) मा भएको प्रावधान पूर्ण रुपमा पालना गर्ने व्यवस्था गरिने छ ।

२. नाला निर्माण भई सकेका सडकहरुमा मात्र पिच सडक निर्माण गर्न प्राथमिकता दिईने छ ।

३. नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माणका कामहरुको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्यांकन कार्य व्यवस्थित रुपमा गरिने छ साथै योजनागत सार्वजनिक परिक्षणलाई प्रभावकारी र व्यवस्थित गरिने छ ।

४. न.पा.बाट सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धि योजनाहरुमा अधिकतम जनसहभागिता परिचालन गरि त्यसता योजनाहरुमा जनस्वामित्व प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

५. न्यूनतम ५ लाख भन्दा बढी लागतका भौतिक पूर्वाधार सम्बन्धी योजनाहरुको लगत इष्टिमेट तयारी गर्दा नै कूल लागतको ३ प्रतिशतका दरले रकम छुट्याई मर्मत सम्भार कोषमा जम्मा गर्ने ।

६. स्थानीय स्तरमा सञ्चालन हुने योजनाहरुको लागि गठन हुने उपभोक्ता समिति सञ्चालन सम्बन्धमा मन्त्रालयबाट प्राप्त भएको निर्देशन पूर्ण रुपमा पालना गरिनेछ ।

७. न.पा. क्षेत्रभित्र गरिने भौतिक पूर्वाधार विकास निर्माण कार्यमा ठेक्का पट्टा कार्यलाई पारदर्शि, प्रतिस्पर्धात्मक र समान अवसर श्रृजना गर्न E-bidding मार्फत कार्य गर्ने नीति लिईनेछ ।

८. न.पा.को राजस्व संकलन र अन्य विषयगत क्षेत्रलाई व्यवस्थित गर्न न.पा.मा GIS सिस्टमलाई संचालनमा ल्याउने नीति लिईनेछ ।

## घर नक्शा व्यवस्थापन

१. नेपाल सरकारबाट जारी भएको भवन आचारसंहिता (Building Code) पूर्ण रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।

२. घर निर्माणको स्वीकृती दिंदा भवन निर्माण मापदण्ड तथा सडकको मापदण्डलाई पूर्ण रुपमा पालना गर्ने गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

३. यस पूर्व शुरु भएको घर नम्बरिंग कार्यलाई निरन्तरता दिंदै आगामी बर्षमा वडा नं. ७ र वडा नं. १२ को बसन्त पथ, वडा नं. ५ र वडा नं. १३ को हाटबजार पथ, वडा नं. ७ र वडा नं. १२, वडा नं. ८ को वीपी पथको जनक पथमा घर नम्बरिंग गरिनेछ ।

४. एक घर दुई रुख लगाउने नीतिलाई निरन्तरता दिंदै पूर्ण रुपमा पालना गराइनेछ ।

## सामाजिक विकास तर्फ

(क) महिला शशक्तिकरण

१. महिला तथा एकल महिलाको शशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२. नगरपालिकाबाट सञ्चालित महिला हस्तकला केन्द्रबाट प्रदान गरिने सीप विकास सम्बन्धी तालिमलाई बढी व्यवहारिक र आय आर्जन मूलक बनाउने नीति लिइनेछ ।

३. महिला हक सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४. महिलाहरुको लागि लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ ।

(ख) वातावरण तथा सरसफाई

१. वातावरण तथा सरसफाई संग सम्बन्धित नगरपालिका क्षेत्र भित्र गठित महिला समूहहरुको क्षमता विकासको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. विभिन्न वडाहरुमा गठित फोहरमैला समूहका सदस्यहरु मार्फत बृक्षारोपण तथा फोहरमैला न्युनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

३. नगर क्षेत्र भित्रका सडकका दायाँ बायाँ क्षेत्रमा बृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

४. नगरपालिका क्षेत्रभित्र प्लाष्टिक (कालो प्लाष्टिक) न्युनिकरणका लागि विद्यालय स्तरिय कार्यक्रम सञ्चालन गरिनेछ ।

५. प्लाष्टिकको झोला प्रयोग सम्बन्धी नेपाल सरकारले अख्तियार गरेको नीतिलाई कडाईका साथ अवलम्बन गरिनेछ ।

(ग) जन स्वास्थ्य कार्यक्रम

१. वडा नं. १० मा सञ्चालनमा आएको शहरी स्वास्थ्य केन्द्रलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ र आवश्यकता अनुसार अन्य वडाहरुमा पनि विस्तार गर्दै लैजाने नीति लिइनेछ ।

२. नगर क्षेत्र भित्रका महिला स्वयम् सेविकाहरुलाई प्रोत्साहन गर्न अवलोकन भ्रमणमा पठाईनेछ ।

३. नगरपालिका क्षेत्रभित्र कार्यरत सम्बद्ध संस्थाहरुसंगको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर ( महिला। बालबालिका लगायत) कार्यक्रम सञ्चालन गरिनेछ ।

४. नगरपालिकाबाट पहिचान भएका विपन्न वस्तीहरुमा सामुदायिक स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम साझेदार संस्थाहरुको सहकार्यमा सञ्चालन गरिनेछ ।

५. खुला दिशा मुक्त क्षेत्र घोषणा तयारीको लागि वडा पहिचान गरि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) गरिबी न्युनीकरण कार्यक्रम

१. नगरपालिकाले छनौट गरेका गरीब वस्तीहरुमा गरिबी न्युनीकरण कार्यक्रम अन्तर्गत भौतिक पूर्वाधार, आयआर्जन र क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

२. नगरपालिकाले गरेको गरिबी नक्शांकनबाट पहिचान भएका विपन्न वस्तीहरुमा गरिबी न्युनीकरण गर्न आय आर्जनका कार्यक्रमहरु माँगको आधारमा सञ्चालन गरिनेछ ।

(ङ.) बाल विकास कार्यक्रम

१. बाल विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न वडा तथा विद्यालयहरुमा बाल क्लब गठन गरी चेतनामूलक (बाल अधिकार) कार्यक्रम सञ्चालन गरिनेछ ।

२. नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत अपांग बालबालिका विद्यार्थीहरुलाई १ जोर पोशाक उपलब्ध गराईनेछ ।

(च) समुदाय परिचालन कार्यक्रम

१. नगरपालिका क्षेत्रभित्रका समाज परिचालनका लागि छनौट भएका ६ वटा वडाहरुमा समुदाय परिचालन कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२. यस पूर्व विभिन्न प्रयोजनका लागि गठन भएका समूहहरुलाई व्यवस्थित र संगठित गर्दै लगिनेछ ।

**सुशासन तथा व्यवस्थापन**

१. सूचना शाखालाई साधन सम्पन्न र व्यवस्थित गरिनेछ ।

२. नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवाहरुलाई जनमुखी गर्दै लगिनेछ ।

३. नगरपालिको नागरिक वडापत्रलाई परिमार्जन सहित प्रकाशन गरिनेछ ।

४. सबै वडा समितिको कार्यालयहरुमा नागरिक बडापत्र होर्डिंग बोर्डमा राखिनेछ ।

५. नगरपालिकाबाट प्रकाशन भएका र हुने प्रकाशनहरुलाई अभिलेखवद्ध गरिनेछ ।

६. नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई अध्ययन, अवलोकन तथा अनुभव आदान प्रदान भ्रमणको लागि विभिन्न नगरपालिकाहरुमा पठाईनेछ ।

७. नगरपालिकाको कार्यप्रक्रिया सरलीकरण गर्न निर्माण भएको कार्यविधी र निर्देशिका लागु गरिनेछ ।

८. कर्मचारीहरुलाई प्रोत्साहन गर्न उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने परम्परालाई निरन्तरता दिईनेछ ।

९. क्षमता विकास योजनालाई परिमार्जन सहित कार्यान्वयन गरिनेछ ।

**सार्वजनिक निजी साझेदारी व्यवस्थापन कार्यक्रम**

१. नगरपालिका क्षेत्रभित्रका सामुदायिक भवन, पार्क, अतिथीगृह आदिलाई सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत सञ्चालन गर्ने कार्यलाई प्रभावकारी रुपमा निरन्तरता दिईनेछ ।

२. नगरपालिका क्षेत्रभित्रको फोहरमैला व्यवस्थापन सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तर्गत साझेदारी संस्थाहरुको सहकार्यमा निरन्तरता दिईनेछ ।

**सार्वजनिक सम्पत्ती व्यवस्थापन**

१. जिन्सीको सफ्टवेयर निर्माण गरि सो अनुसार सम्पत्तीको अभिलेख राखिनेछ ।

२. नगरपालिकामा रहेको सम्पत्ति व्यवस्थापन र संरक्षण गर्न प्रत्येक बर्ष प्रयोगमा नआउने जिन्सी सामाग्रीहरु लिलाम बिक्री गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**आन्तरिक आय बृद्धि तथा राजस्व व्यवस्थापन**

१. बक्यौता रहेका व्यवसाय कर असुली कार्यलाई प्रभावकारी गर्न घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ।

२. एकिकृत सम्पत्ति कर आ.ब. ०६९।०७० देखि लागु गरिनेछ ।

३. करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

४. कर प्रणालीलाई व्यवस्थित र पारदर्शि गर्न प्रचार प्रसार गरिनेछ ।